# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं आषाढ १६ गते २०१५ साल**

### अर्थमन्त्रालयको सूचना

देहायमा लेखिएबमोजिम नेपाल राष्ट्र बैंकका देहायका मिति मितिमा देहायका जवानहरूले का. मु. भै कारोबार सम्हालेको कुरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाश गरिदिएको छ ।

१. नेपाल राष्ट्र बैंक बैंकिङ्ग अफिस, काठमाडौंका क्यासियर श्री विलायत मानसिंह ०१४।२।२६ गते क्याजुयल बिदामा रहनु भएको र सोही आफ्नो नोट गन्ने जाँच्ने श्री धुवलाल जोशीले का. मु. क्यासियर भै काम गर्नु भएको ।

२. नेपाल राष्ट्र बैंक भद्रपुर उपशाखाका क्यासियर श्री भगत बहादुर शाहाको अनुपस्थितिमा २।१।०१५ गते देखि ३।२।०१५ सम्म निजको असिस्टेन्ट केशवप्रसाद शर्माले का. मु. क्यासियर भै काम गर्नु भएको ।

आज्ञाले—
नीरराज,
सचिव-अर्थमन्त्रालय.



266

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अर्थमन्त्रालयको सूचना

नेपाल राष्ट्रबैंकको निम्न बिभागमा निम्नलिखित व्यक्तिहरूले समय समयमा का.मु. भै काम गरेको बेहोरा सबैलाई ज्ञात होस् भन्ना निमित्त यो सूचना प्रकाश गरिदिएको छ।

१. ने. रा. बैंक काठमाडौं बैंकिंग अफिसका एकाउन्टेन्ट श्री रामराज तुलाधरले का. मु. मेनेजर भै काम गर्नु परेको र का. मु. मेनेजरबाट फुर्सत पाएपछि पनि तालाममा जानुपरेकाले केन्द्रीय अफिसका असिष्टेन्ट एकाउन्टेन्ट श्री लोकबहादुर बिष्टले ०१४।२।२० गते देखि एकाउन्टेन्ट पदको का. मु. मुकर्रर भई काम गरेको ।

२. काठमाडौं बैंकिंग अफिसका का. मु. सब. एकाउन्टेन्ट श्री माधवनाथ चालिसे ०१४।२।१७। र १८ गते दिन २ दुई बिरामी हुंदा अफिसमा हाजिर नभएकोले उहाँको अनुपस्थितिमा अप्रेन्टीस अफिसर श्री लक्ष्मणप्रसाद कायस्थले का. मु. सब. एकाउन्टेन्ट भई काम गरेका।

३. काठमाडौं बाकिंग अफिसका का. मु. सब. एकाउन्टेन्ट श्री माधवनाथ चालिसेको घरबिदा बारे गजेटमा प्रकाशनार्थ पठाएकोमा ०१४ साल ज्येष्ठ १२ गतेदेखि श्री माधवनाथ चालिसे अफिसमा आई आफ्नो कार्यभार सम्हाल्नुभएको ।

४. काठमाडौं बैंकिंग अफिसका क्यासियर बिलायतमान सिंह ०१४।१।१० गतेदेखि वीरगञ्ज काजमा खटिई जानुभएकोमा ०१४ साल ज्येष्ठ २० गते हाजिर भई २१ गतेदेखि कार्यभार सम्हाल्नु भएको ।

५ ने. रा. बैंकका चीफ एकाउन्टेन्ट श्री गोविन्दप्रसाद गोर्खाली पश्चिम तराईतर्फ डिपो खोल्न काजमा खटिई जानुभएकोमा ०१४ साल ज्येष्ठ २४ गते फर्की अफिसमा हाजिर भई आषाढ १ गतेदेखि मात्र कार्यभार सम्हाल्नुभएको ।

६. काठमाडौं बैंकिंग अफिसका क्यासियर श्री बिलायतमानसिंह ०१४।३।१ गते देखि ४ गते तक बिरामी भई उहाँको अनुपस्थितिमा श्री धवललाल जोशीले क्यासियरको का. मु. भई काम गरेको ।

७, काठमाडौं बैंकिंग अफिसका का. मु. सब एकाउन्टेन्ट माधवनाथ चालिसे ०१४।२।२५ देखि राजविराजमा खटही डिपोको कार्यभार सम्हाल्न जानुभै रिक्त भएको स्थानमा बैंकका सेक्रेटरी गौरीलालले ०१४।३।१८ गते देखि का. मु. सब एकाउन्टेन्टको कार्यभार सम्हाल्नु भएको ।

२६८

८, काठमाडौं बैंकिङ अफिसका एकाउन्टेन्ट रामराज तुलाधरले ०१३।१२।१ देखि का. मु. मेनेजर भई काम गरेकोमा केन्द्रीय अफिसबाट श्री वीरविक्रम शाहले चीफ एकाउन्टेन्ट श्री गोविन्दप्रसाद गोर्खालीलाई चार्ज बुझाई बैंकिङ अफिसमा जानुभई ०१४।३।११ मा कार्यभार बुझाउनुभएको ।

९. काठमाडौं बैंकिङ अफिसका एकाउन्टेण्ट रामराज तुलाधर बैंकिङ तालीम हासिल गर्न ०१३।३।१५ देखि बम्बैतर्फ गएकाले सो पदमा ०१४।२।१० देखि केन्द्रीय अफिसका असिष्टेण्ट एकाउन्टेन्ट लोकबहादुर विष्टले का. मु. एकाउन्टेन्ट भई काम गरेको ।

१०. काठमाडौं बैंकिङ अफिसका सब एकाउन्टेण्ट श्री वटुकृष्ण तिवारी ०१३।८।५ देखि केन्द्रीय अफिसमा काज आउनु हुँदा निजको सट्टा का. मु. सब एकाउन्टेण्ट भै हेड असिष्टेन्ट गणेशबहादुरले ०१३।८।५ देखि ०१३।१२।१ सम्म काम गर्नु भएको र त्यसै विभागका एकाउन्टेण्ट रामराजको अनुपस्थितिमा विराटनगरको निमित्त मेनेजरमा नियुक्ति हुनु भएको कण्ठनारायण श्रेष्ठले ०१३।८।५ देखि ०१३.९।५ सम्म का. मु. एकाउन्टेण्ट भै काम गर्नु भएको ।

११. ने.रा. बैंकको विराटनगर शाखाका मेनेजर कण्ठनारायण श्रेष्ठ रिफ्रेसिंगको लागि १४।४।६ का दिनदेखि काठमाडौं आउँदा निजको अनुपस्थितिमा त्यसै अफिसका एकाउन्टेन्ट वटुकृष्ण तिवारीले का. मु. मेनेजरको काम सम्हाल्नुभएको ।

१२. काठमाडौं बैंकिङ अफिसका सब एकाउन्टेण्ट पदमा का. मु. भै काम गर्ने गणेशबहादुर थापा तालीममा जानुभएकोले सोही अफिसमा काजमा रहनुभएको हेड असिष्टेन्ट माधवनाथ चालिसेले ०१३।१२।४ गतेदेखि का. मु. सब एकाउन्टेण्ट भै काम गर्नु हुने भएको छ भनी गजेट प्रकाश हुनु पर्नेमा ०१३।१२।५ देखि भनी ०१४।२।२१ गते भाग ४ को गजेटमा प्रकाश भएकाले यो संशोधन गरिएको छ ।

आज्ञाले—
वीरराज,
सचिव-अर्थमन्त्रालय

268

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

250

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।